# प्रेश वक्तव्य

## यातना पीडितलाई परिपूरणको व्यवस्था गर् !

## यातना पीडितको सहायोगार्थ अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा जारी प्रेस वक्तव्य

**(१२ असार २०७७/२६ जुन २०२०)**

**१२ असार २०७७, काठमाडौं :** यातना पीडितको सहायोगार्थ अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा वकालत मञ्चले सन् २०१९ मा प्रहरी हिरासत र बाल सुधार गृहमा रहेका थुनुवाहरुसँग भेटघाट गरी संकलन गरेको तथ्यांकहरुको विश्लेषण गरी थुनुवामाथि भएको यातना र दुर्व्यवहार सम्वन्धी प्रतिवदेन प्रकाशित गरेको छ ।

सन् २००१ मा स्थापना भए देखि वकालत मञ्चले यातना तथा दुर्व्यवहार रोकथामका लागि थुनुवा केन्द्रहरुको भ्रमण तथा अनुगमन गर्दै आईरहेको छ । नेपालको संविधानको धारा २२ ले यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा प्रत्याभुत गरेको भएतापनि वकालत मञ्चका प्रतिवदेनहरुले विगतका बर्षहरुमा जस्तै सन् २०१९ मा पनि प्रहरी हिरासतहरुमा यातना तथा दर्व्यवहारका घटनाहरु विद्यमान रहेको देखाएको छ । यद्यपी, द्वन्द्वको समाप्ती पश्चात यातनाको प्रकृति र गाम्भिर्यतामा केहि कमी आएको देखिएता पनि संविधानले परिकल्पना गरेजस्तो यातना रोकथाम भने भएको छैन । तसर्थ, यातना तथा दुर्व्यवहारको घटना निरन्तर चलिरहने अपराधको रुपमा विद्यमान रही आएको छ ।

यस वर्षको तथ्यांक संकलन र विश्लेषण पश्चात प्रतिवदेनको मुख्य निष्कर्षहरु निम्न छन् :

- प्रहरी हिरासतमा अन्तरवार्ता लिइएका १००५ थुनुवाहरु मध्ये १९.८% थुनुवाहरुले यातना तथा दुर्व्यवहार भोगेको बताएका छन् । सन् २०१८ मा २३.५ % थुनुवाहरुले यातना तथा दुर्व्यवहार भएको बताएका थिए । यसका साथै, अन्तरवार्ता लिइएका २६९ जना बालवालिकाहरुमध्ये २४.५% ले आफूमाथि यातना तथा दुर्व्यवहार भएको बताएका छन् ।

- अधिकतम एक लाख रुपैयाँसम्म क्षतिपुर्ति दिलाइ दिन सक्ने कानूनी व्यवस्था भएतापनि अदालतले गरेको फैसलाहरुमा अधिकांश पीडितलाई दश हजार रुपैयाँ देखि पच्चिश हजार रुपैयाँसम्म क्षतिपुर्ति भराई दिने गरेको पाइएको छ ।
- केवल १५.२२% यातना पीडितहरुले मात्र अदालतको फैसला अनुसार क्षतिपुर्ति प्राप्त गरेको देखिन्छ भने अन्य पीडितहरुको हकमा बर्षौंसम्म पनि अदालतको फैसला कार्यान्वयन भएको देखिदैन ।
- पीडित तथा साक्षी संरक्षण कानूनको अभावमा न्यायिक प्रक्रियाका क्रममा उनीहरुले डरधम्कीको सामना गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिन्छ ।
- नेपालको कानूनले मौद्धिक क्षतिपुर्तिलाई मात्र परिपूरणकोरुपमा लिएको देखिन्छ भने सन्तुष्टि, पुनर्स्थापना, र पुनः नदोहोरिने सुनिश्चितताका बारेमा उल्लेख गरिएको छैन ।
- पुरुषको तुलनामा महिलाहरुमाथि यातना तथा दुर्व्यवहार धेरै हुने गरेको देखिएको छ । वकालत मञ्चले भेटेका थुनुवाहरु मध्ये १९.८ प्रतिशत पुरुष र २६.३२ प्रतिशत महिलाले यातना भोगेको बताएका थिए ।
- बाल सुधार गृहहरुको क्षमताभन्दा बालवालिकाहरुको संख्या धेरै भएकोले उनीहरु कोभिड - १९ महामारीको विशेष जोखिममा परेको देखिन्छ ।

पीडितमा जीवनभर शारिरीक तथा मानसिक प्रभाव रहिरहने हुनाले यातना गम्भीर प्रकृतिको मानव अधिकार हनन हो । अधिकांश अवस्थामा पीडितहरु यातनाको आघातबाट मुक्त हुन नसकी जिवनभर पीडित भावनावाट कुण्ठित हुने गर्छन । यसकारण यातनाको रोकथाम निष्पक्ष सुनुवाई लगायतका मानव अधिकारको संरक्षणका लागि अत्यन्त आवश्यक छ ।

यातनाको विद्यमानताले नेपालको मानव अधिकार प्रतिवद्धताहरु र प्रतिष्ठामा नकारात्मक असर गर्दछ । सन् २०१८ देखि लागू भएको मुलुकी अपराध संहिताले यातनालाई अपराधिकरण गरेको भएतापनि यातनासम्वन्धी यस संहितामा रहेका केहि कमीकमजोरीहरुका कारण पक्राउ गर्ने निकायहरुबाट थुनुवामाथि यातना तथा दुर्व्यवहार हुँदै आइरहेको छ । त्यसैले यातनाको विद्यमानता र उत्तरदायित्वको अभाव भनेको विधीको शासनको स्पष्ट उल्लंघन हो जसले दण्डहिनताको संस्कृतिलाई प्रोत्साहन गर्दछ भन्ने वकालत मञ्चको निष्कर्ष छ ।

राज्यको प्रमुख दायित्व भनेको व्यक्तिको कुनै पनि अधिकार हनन नहुने सुनिश्चिता गर्नु हो र हनन भएको अवस्थामा पर्याप्त र उचित परिपूरण उपलव्ध गराउनु हो । तर नेपालमा परिपूरणको अवधारणा निकै साँघुरो

भएकाले पीडितलाई थप अन्यायमा पारेको देखिन्छ । तसर्थ, संविधानले परिकल्पना गरे अनुसार पीडितलाई वास्तविक न्याय प्रदान गर्नका लागि अन्तर्राष्ट्रिय कानूनसँग मेल खाने गरी परिपूरणको दायरा फराकिलो बनाउनु अत्यावश्यक छ ।

यी बिषयहरुलाई मध्यनजर गर्दै, वकालत मञ्च निम्न सिफारिश गर्दछ :

- पीडितका लागि प्रभावकारी उपचार सुनिश्चित गरिनुपर्दछ ।
- थुनुवाहरुलाई निशुल्क कानूनी सहायता दिने वकालत मञ्च जस्ता संस्थाहरुलाई थुनुवाहरुसँगको भेटघाटमा सहज पहुँच दिइनु पर्दछ ।
- नेपालको अन्तर्राष्ट्रिय दायित्वसँग मेल खाने गरी नेपाली कानूनहरुमा भएको परिपूरण सम्वन्धी व्यवस्थालाई आवश्यक संशोधन गरिनुपर्दछ ।
- प्रहरी निकायले यातनासम्वन्धी उजुरीहरु दर्ता गरी तदारुकताकासाथ अनुसन्धान गर्नु पर्दछ ।
- यातनासम्वन्धी कानून संशोधन गरी उजुरी गर्ने हदम्याद हटाउनुका साथै पीडितलाई परिपूरणको व्यवस्था गर्न र अपराधको गम्भीरता अनुसार सजायको व्यवस्था गरिनुपर्दछ ।
- मेडिको-लिगल शिक्षालाई स्वास्थ्य विज्ञान शिक्षाको अभिन्न अङ्गको रुपमा व्यवस्था गरिनुपर्दछ ।

यातना तथा दुर्व्यवहार जस्ता मानव अधिकार हननले व्यक्तिको मर्यादामा हानी पुऱ्याउँछ । त्यसैले, वकालत मञ्च सम्पूर्ण सरोकारवालाहरुलाई यातना निषेध र यातनाविरुद्ध उत्तरदायित्वका लागि साझा धारणा बनाउन हार्दिक आवहान गर्दछ ।